"स्वच्छ, सुन्दर र समुन्नत शहर मधेशको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लालबन्दी, सर्लाही
## मधेश प्रदेश, नेपाल

फोन नं.- ०४६५०१९००
०४६५०१४४४
Email: maillalbandi@gmail.com
Web: lalbandimun.gov.np

प.सं.: २०८२/०८३
च.नं.:

मिति: २०८२।११।१७

<u>बेरोजगार व्यक्ति सुचिकरण हुने सम्बन्धी सूचना</u> ।

प्रस्तुत विषयमा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८२ को दफा १७ बमोजिम आगामी २०८३/८४ मा स्थानीय तहबाट सञ्चालन हुने बेरोजगार सहायता कार्यक्रम वा अन्य सिप तथा रोजगारमुलक कार्यक्रम मा संलग्न हुन इच्छुक १८ देखी ५९ वर्ष सम्मका बेरोजगार व्यक्तिहरुले २०८२ चैत ३० गते सम्म आफु स्थायी बसोवास गरेको वडा कार्यालयमा गई बेरोजगार फारम भर्नु/भराउनु हुन अनुरोध छ ।

आवश्यक कागजात:

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी १ थान र पासपोर्ट साईजको एक प्रति फोटो
२. शैक्षिक योग्यता, तालिम र कामको अनुभव सम्बन्धी कागजात
३. बेरोजगार व्यक्तिसँग सम्बन्धित परिवारको सदस्यहरुको नागरिकताको प्रतिलिपी १/१ थान (नागरिकता नभएको सदस्य भए जन्मदर्ताको प्रतिलिपी १/१ थान)
४. बसाईसराई प्रमाणपत्र/विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी १ थान (नागरिकता जारी जिल्ला फरक भएमा)
५. बैङ्क खाता विवरण (उपलब्ध भएसम्म)

अपूर्ण विवरणहरु रोजगार व्यवस्थापन सूचना प्रणाली EMIS मा प्रविष्टि नहुने जानकारी गराइन्छ ।
आ.व २०८१/०८२ मा फारम भरेका इच्छुक व्यक्तिहरुले पुनः फारम भर्नुपर्नेछ ।

प्रत्येक बेरोजगार व्यक्तिले छुटाछुटै फारम भर्नुपर्नेछ । बेरोजगार दर्ताका लागी दिने निवेदनको ढाँचा www.lalbandimun.gov.np बाट डाउनलोड गर्न सकिन्छ वा स्थायी बसोवास भएको वडा कार्यलयबाट लिन सकिन्छ। फारम भर्न कुनै शुल्क लाग्ने छैन ।

..................................
पितानाथ लुईटेल
प्रमुख प्रशासकीय अधिकृत